Government of Nepal
Ministry of Health & Population
Dept. of Health Services
Bharatpur Hospital
Chitwan

# नेपाल सरकार
## स्वास्थ्यतथा जनसंख्यामन्त्रालय
## भरतपुर अस्पताल
## <u>वोलपत्र सम्बन्धि सूचना</u>

Tender No: 28/071/072
Tender Name: **बृद्धवृद्धा वार्डको लागि आवश्यक औषधी**

Medical Superintendent

नेपाल सरकार

स्वास्थ्यतथा जनसंख्यामन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशितमितिः-२०७१ । १२।०४)**

यस अस्पतालको बृद्धवृद्धा वार्डको लागिआवश्यक औषधीहरु बोलपत्रको माध्यमबाट खरीदकार्य गर्नुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको वोलपत्र पेश गर्नुहुन जानकारी गराइन्छ । साथै बोलपत्र यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np मा गई dowanload गरी खरीद गर्न सकिनेछ ।

**शर्तहरुः**

१. आ.व. २०७०/०७१ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, इजाजतपत्र तथा र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीदगर्न सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र रितपूर्वक रु.१५१०।- (पन्ध्रसय दश रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.९६७मा जम्मा गरी खरीदगर्न सकिनेछ ।

२. बोलपत्र दर्ता गर्दा जमानत वापत कबोल अंकको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको 'क' वर्गको बाणिज्य बैकको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३. खरीद भएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np कोeProcurement Systemमा गई बैंक भौचर, विडवन्ड, BOQ समेतका कागजात Scan गरी Upload गरी सक्नुपर्नेछ । Upload भएका बोलपत्रहरु ३१(एकतीसौ) दिनको २:०० वजे यस अस्पतालमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद

Medical Superintendent

गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमशः उक्त कार्य हुनेछ ।

४. बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ । बोलपत्र दाताले आफू कालोसूचीमा नपरेको भनी स्वयम घोषणा पेश गर्नुपर्नेछ ।

५. बोलपत्र दाताले कवोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ ।

६. कार्यालयले तयार गरेको लागत अनुमान थपघट हुन सक्नेछ । लागत अनुमान थपघट भएतापनि बोलपत्रदाताले सोही दररेटमा औषधी सप्लाई गर्नुपर्नेछ ।

७) Expiry Dateउल्लेख हुने औषधीहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधीहरु स्वीकार्य हुनेछैन । साथै औषधीहरु WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । स्वीकृत प्राप्त औषधी मात्र सप्लाइगर्नुपर्नेछ । गुणस्तरहिन औषधि स्वीकार्य हुने छैन ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि पठाइनेछ ।

११) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१२) यसमा नपरेकाअन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीदनियमावली २०६४ अनुसार हुनेछ ।

## तपशिल

| सि. नं. | ७.नं. | विवरण | बोलपत्रवा दरभाउपत्र | बोलपत्रवा दरभाउपत्र दस्तुर | खरीदगर्ने अन्तिममिति | दाखिलागर्ने अन्तिममिति | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 28/071/072 | बृद्धवृद्धा वार्डको लागिआवश्यकऔषधी | बोलपत्र | 1510.00 | 30औ दिन | 31औ दिनको १२:००वजे | 31औ दिनको 2;00वजे | |

Medical Superintendent